जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३४, २०८१ चैत २१ गते विहीबार, 03 April 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

प्रहरीको लुटिएको पेस्तोल भेटियो

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको कैलाश गाउँपालिकाबाट लुटिएको गोली लोड भएको नेपाल प्रहरीको पेस्तोल फेला परेको छ ।

मकवानपुरको कैलाश गाउँपालिका वडा नम्बर ६ स्थित दुम्सीखर्क जंगलमा लागुऔषध कारोबारीले लुटेर लगेको प्रहरीको पेस्तोल कैलाश गाउँपालिका वडा नम्बर १ बोल्ने लेक भन्ने जंगलमा गोली सहित फेला पारेको मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

लागुऔषध कारोवारकर्ता अप्रेशनमा गएका ईलाका प्रहरी कार्यालय पालुङका हवल्दार अर्जुन तामाङले बोकेको ७ राउण्ड गोली लोड भएको ठाइप ५४ पेस्तोल लागूऔषध कारोबारीले लुटेर भागेका थिए ।

अप्रेशनमा हवल्दार अर्जुन तामाङ र सहायक हवल्दार गोविन्द मग्रातीको संयुक्त टोली घटनास्थल पुगेका थियो । पेस्तोल र यसको लुटेराहरूको खोजीका लागि सोमबार राती देखिने जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायब उपरीक्षक श्यामु अर्यालको नेतृत्वमा इलाका प्रहरी कार्यालय गजुरीबाट प्रहरी निरीक्षक सुमन चापागाईं, इलाका प्रहरी कार्यालय मनहरीबाट प्रहरी निरीक्षक विशाल सापकोटा र इलाका प्रहरी कार्यालय पालुङका प्रहरी निरीक्षक सविनबाबु अर्यालको टोली खटिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

हवल्दार तामाङ र सहायक हवल्दार मग्राती लागुऔषध कारोबार भइरहेको सूचना प्राप्त भए पछि उक्त जंगलमा गएका थिए । प्रहरीलाई देखेर ३ केजी अफिम र मोटरसाइकल छाडेर लागुऔषध कारोवारकर्ता भागेका थिए । अफिम र मोटरसाइकल लिएर ईलाका प्रहरी कार्यालय तर्फ आउँदै गर्दा ठुलो समूहले घेरा हालेर प्रहरीलाई कुटपिट समेत गरेर पेस्तोल लुटेर भागेका थिए ।

यद्यपी कारोवारकर्ता भने पक्राउ गर्न नसकेको जनाइएको छ । स्थानीयको कुटपिटबाट घाइते ३ प्रहरीको काठमाडौंमा उपचार भइरहेको बताइएको छ।

बालबालिकालाई श्रममा हैन विद्यालय पठाऔं

१८ वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाउनु कानुनी अपराध हो । हेटौंडा उपमहानगरपालिका बालमैत्री स्थानीय शासनयुक्त घोषणा भइसकेकोले सबैले बालमैत्री शासनको सुचाङ्कको पूर्ण पालना गरौ । उपमहानगर पालिका क्षेत्रमित्र रहेका होटेल, बार, रेस्टुरेन्ट, घर, यातायात, निर्माण सेवालगायतका विभिन्न क्षेत्रमा गैरकानुनी रुपमा बालबालिकालाई श्रममा लगाइएको पाइएमा प्रचलित कानुन बमोजिम कारबाही हुने व्यहोरा सम्बन्धित सबैमा सूचित गरिन्छ । साथै कहीं कतै बालबालिकालाई जोखिमपूर्ण श्रममा लगाएको वा कानुनले तोके बमोजिमका विशेष संरक्षणको आवश्यकता भएका कुनै पनि बालबालिका वा जीविकोपार्जनमा अत्यन्तै समस्यामा परी श्रममा आउन बाध्य भएको पाइएमा तुरून्त खबर गरि उद्धारमा सहजिकरण गरिदिनुहुन अनुरोध छ ।

वडा अध्यक्ष फूर्वा दोर्जे लामा

१० नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

१० घण्टामा पनि जुटेन दलहरु बिच सहमती



छिर्की हानेर अधिवेशन अन्त्य

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य भएको छ । प्रदेश मन्त्रिपरिषद्को सिफारिस अनुसार प्रदेश प्रमुखले प्रदेश सभाको चालु हिउँदे अधिवेशन बुधबार राती १२ बजेबाट अन्त्य गरेका हुन् ।

बुधबार बिहान बसेको प्रदेश सरकारको मन्त्रिपरिषद् बैठकले प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य गर्न प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको थियो । 'सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री सुरजचन्द्र लामिछानेका अनुसार चैत ३० गते राती १२ बजेबाट संसद्को अधिवेशन अन्त्य गर्नेगरी प्रदेश प्रमुख समक्ष सिफारिस गर्ने निर्णय गरेको हो ।

नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम प्रदेश सभाको चालु हिउँदे अधिवेशन अन्त्यका लागि सिफारिस गरिएको थियो ।

प्रदेशसभाको बैठक चल्न सक्ने अवस्था नरहेकाले अधिवेशन अन्त्यको निर्णयमा सरकार पुगेको उनले जानकारी दिए । संसद् बैठक सञ्चालनका लागि मंगलबार बसेको सर्वदलीय बैठकले निष्कर्ष दिन नसकेपछि संसद प्रभावित भएको थियो ।

प्रदेश सभाको हिउँदे अधिवेशन गत १८ माघमा आह्वान गरिएको थियो । २६ माघमा बसेर अनिश्चित कालको लागि स्थगित भएको बैठक ३ महिना पछि मंगलबारको लागि आह्वान गरिएको भए पनि दलहरू बीच सहमति जुट्न नसक्दा सञ्चालन हुन सकेन ।

बुधबार दिउँसो १ बजेको लागि बैठक बोलाइएको भए पनि आजको बैठक समेत अर्को सूचना प्रकाशित नभए सम्मका लागि स्थगित गरिएको छ ।

बुधबारको मन्त्रिपरिषद्को निर्णय तथा सिफारिस बमोजिम प्रदेश प्रमुख देवकोटाले प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य गरे पछि प्रदेश सभा अर्को सूचना नभए सम्मको लागि स्थगित गरिएको प्रदेश सभा सचिवालयले जनाएको छ ।

प्रदेश प्रमुखले बुधबार दिउँसो प्रदेश सभाको अधिवेशन नेपालको संविधानको धारा १८३ को उपधारा ३ बमोजिम अन्त्य भएको जानकारी सभामुखलाई गराएका छन् ।

प्रतिपक्ष र सत्तापक्ष बीच बजेट माथिको विवाद कायमै रहेपछि प्रदेशसभाको बैठक बुधबार १ बजेका लागि स्थगित गरिएको थियो । मंगलबार दिउँसो १ बजेका लागि आह्वान भएको प्रदेशसभा बैठक दलहरूबीच सहमती हुन नसक्दा दिउँसो ४ बजेसम्मका लागि सारिएको थियो । प्रदेशसभामा प्रतिनिधित्व गर्ने ७ दलको बैठक तथा कार्य व्यवस्था परामर्श समितिको बैठकले बुधबार १ बजेसम्मका लागि बैठक सार्ने निर्णय गरेको थियो ।

बागमती प्रदेशसभा सञ्चालनको लागि मंगलबार सभामुख भुवन कुमार पाठकले आह्वान गरेको ७ दलको छलफल निष्कर्ष विहीन भएको थियो । मंगलबार बिहान ९ बजेदेखि साँझ ७ बजेसम्म १० घण्टा चलेको दलहरूको छलफलमा कुनै निष्कर्ष निस्किएन । सर्वदलीय बैठकमा विगतको सहमति अनुसार बजेट उपलब्ध गराउने विषयमा सरकार र प्रतिपक्ष दलबिच छलफल भए पनि निचोड आउन नसक्दा त्यसको असर प्रदेश सभामा परेको छ ।

सरकारले विजनेश दिन नसकेर प्रदेश सभाको बैठक नियमित हुन सकेको छैन् । बजेटमा भएका सन्तुलन मिलाउन आह्वान भएको सर्वदलीय बैठक दुई चरणमा गरिए पनि निष्कर्ष निकाल्न नसकिएपछि प्रदेश सभाको हिउँदे अधिवेशन जम्मा ५ वटा बैठक बसेर अन्त्य गरिएको छ ।

प्रमुख प्रतिपक्षा दल माओवादी केन्द्रले सभा संचालन गर्न सरकार नै अनिच्छुक रहेको आरोप लगाएको छ । पार्टीका प्रमुख सचेतक रत्नप्रसाद ढकालले मंगलबार बसेको सर्वदलीय र कार्यव्यवस्था परामर्श समितिको बैठकमा सरकारले सहमति जुटाउने भन्दा पनि प्रतिपक्षलाई चिढ्याएर संसद् बैठक धकेल्न लागेको आरोप समेत लगाएका थिए । नेकपा माओवादी केन्द्र बागमती प्रदेश संसदीय दलका नेता शालिकराम जम्कट्टेलका अनुसार सरकारले प्रतिपक्षलाई समेट्ने र हाउस चलाउने विषयमा गम्भिरता नदेखाउँदा सहमति जुट्न नसकेको हो ।

सर्वदलीय बैठकमा प्रदेश सभा चलाउने वातावरण तयार गर्न प्रतिपक्षले माग गर्दा पनि सरकार त्यसमा जिम्मेवार बन्न नसकेको उनको भनाई छ । प्रतिपक्षका तर्फबाट विगतमा भएको बजेट माथिको सहमति कार्यान्वयन र सहकारी मन्त्री श्रेष्ठको स्वकीयको छानविन समिति गठनका विषयमा उठान भएको थियो । सो विषयमा सरकारले उचित जवाफ र सकारात्मक प्रतिक्रिया नजनाएपछि सर्वदलीय बैठक बिना निश्कर्ष टुंगिएको नेता जम्कट्टेलको भनाई छ ।

नेकपा एकीकृत समाजवादी पार्टी बागमती

बाँकी पेज ५ मा

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

वायु प्रदुषण र स्वास्थ्य

वायु प्रदूषण एक गम्भीर पर्यावरणीय समस्या हो जसले मानव स्वास्थ्य र वातावरणमा गम्भीर असर पार्दछ । पछिल्लो समय बागमती प्रदेशको राजधानी हेटौंडा, संघीय राजधानी काठमाण्डौंलगायत विभिन्न शहरमा वायु प्रदुषणको मात्र खतरानकभन्दा माथि पुगेको छ । यसबाट सृजित विभिन्न समस्याबाट बच्नको लागि अत्यावश्यक कामबाहेक घर बाहिर ननिस्कन गृहप्रशासन, स्वास्थ्य मन्त्रालयहरूले अनुरोध गरेको छ । प्रदुषित वायुको कारण श्वासप्रसासजन्य रोगहरू लाग्न सक्दछन् ।

यसरी समस्या सिर्जना भएपछि बच्ने उपायको खाजि गर्नुभन्दा वायुप्रदुषण हुने नदिन तर्फ सचेत हुनु जरूरी छ । सार्वजनिक यातायातको प्रयोगलाई प्रोत्साहन गर्ने र सकेसम्म निजी सवारी साधनको प्रयोगलाई कम गर्ने, पैदल यात्रा र साइकलको प्रयोगलाई बढावा दिने, घरमा फोहोर जलाउनुको सट्टा उचित व्यवस्थापन गर्ने साथै, हरियाली प्रवर्द्धनमा योगदान गर्न रुख रोप्ने जस्ता काममा बेलैमा ध्यान दिने हो भने वायुप्रदुषणको दर कम गर्न सकिन्छ ।

व्यक्ति, स्थानीय सरकार र संस्थाहरुले वायु प्रदूषण नियन्त्रणका लागि योजनाहरु बनाउनुपर्छ। प्रदूषण कम गर्ने उद्योगहरुलाई प्रोत्साहन गर्नुपर्छ र प्रदूषण गर्ने उद्योगहरुलाई निरूत्साहित गर्नुपर्छ। सार्वजनिक चेतना अभिवृद्धि कार्यक्रमहरु सञ्चालन गर्ने, नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रोत्साहन, जीवाश्म इन्धनको प्रयोगलाई निरूत्साहन गर्दै शहरी योजनालाई व्यवस्थित गर्नुपर्छ र हरियाली क्षेत्रहरु विस्तार गर्नुपर्छ। पछिल्लो साता वन डढेलोले पनि वायु मण्डलबढी प्रदुषित भएको छ। स्वास्थ वायु, स्वास्थ जीवनको लागि वातावरण स्वस्थ योगदान गरौं।

निजामती तिमीलाई सम्झिरहनेछु



डा. भोजराज शर्मा काफ्ले

जीवनको ऊर्जाशील समय बिताएको सेवामा अचम्मको मनोवैज्ञानिक र भावनात्मक सम्बन्ध हुने रहेछ । तीन दशक भन्दा बढी समय निजामती सेवामा बित्यो । जीवनको ऊर्जाशील समय त्यसैमा खर्च भयो । सेवामा प्रवेश गर्दा सुरूका दिनहरु ताजै हुने गरी सम्झना आउँछ । बिचतिरका दिनका कर्मको सम्झँदै गहिरिन मन लाग्छ । अन्तिम तिरका दिनहरु बिर्सिन भन् गाह्रो पर्छ । काम गर्दैगर्दाका सहज र असहज दिन सबै विस्मरणमा गएका छैनन् । सुरूका दिन सम्झँदा आनन्द आउँछ अनि डर पनि लाग्छ ती दिनमा त्यस्ता त्यस्ता आँटिला काम गर्न कसरी साहस बटुलिएछ, त्यति बेला ।

त्यस्तो पाकोपन नपुगेको काम गर्दा पनि समस्या किन आएन छ, भन्ने पश्न उब्जिन्छ मनमा । बढ्दुवा भएका र नभएका दिनको सम्झना आउँछ । आफूभन्दा कनिष्ठ साथी माथि पुगेको र असहज अनुभव गरेका दिन पनि विस्मरणमा जाँदैन । आफूले र आमै मानेका आदर गर्ने गरेका साथीहरुको पदोन्नति नभएकोमा दु:ख लागेका विषय मने विस्मरणका विलय हुन लागेका छन् । तथापि त्यस्ता साथीको अखण्ड र घुलिन सेवा सम्झना आउँछ । धैर्यता र निरन्तरता अथक अभ्यास गर्ने शक्ति आफै उत्पन्न भयो कि कुन र के तत्वले उत्प्रेरित गर्‍यो अनुमानसम्म गर्न सक्दिन ।

अहिले बाहिर बसेर गम्ने अवसर मिलेको छ । विना तनाव पढ्ने अवसर जुटेको छ । अध्यात्मवाद र जीवन दर्शनका बारेमा पाएसम्मका सामग्री पढ्ने इच्छा जागेको छ, अध्ययनको गहिराइ नपुग्दा रहस्य पहिलिदैन्, छिचल्ने तागत पुगेको छैन, सन्तुष्टि मिलेको पनि छैन । कहिले उच्चस्तरीय परीक्षा सुधार कार्यदल त कहिले साना विद्यालयका बारेमा अनुसन्धान जस्ता कार्यले मन्त्रालयसँग जोडिइएको छ । परिवेशलाई भिन्न तरिकाले हेर्ने र बुझ्ने अवसर मिलिरहेको छ । केही औपचारिक र केही अनौपचारिक भेटघाट र छलफलमा निरन्तरता जस्तो भएको छ । बहुपक्षीय सहभागिताको छलफलमा सहभागीको वर्गीकरण स्वत: कर्मचारीको कित्तामा परिदो रहेछ । अरुले त्यसरी नै बुझ्दा रहेछन् ।

कर्मचारीको नेतृत्व नभएका छलफलमा करौले कर्मचारीलाई दोष लगाउँछन् र सत्तोसराप पनि गर्दछन् । सरकारी कर्मचारीकै कारणले मुलुक बिग्रिएको भन्छन् । मनमा चिसो पर्दा रहेछ । कहिले काहीं त अश्वभाविक प्रतिक्रिया समेत दिइने रहेछ । अनि पछुतो लाग्छ त्यत्रो छलफल र अन्तरक्रियाबाट सिक्ने अवसर प्राप्त हुँदाहुँदै किन जाइलागेको होला जस्ता भाव मनमा उत्पन्न हुन्छ । जीवनको ऊर्जाशील समय बिताएको सेवामा प्रतिको मोहमा अदृश्य संवेगले काम गरिरहेको हुँदो रहेछ । शिक्षक निवृत्त भएको खासै चर्चा हुँदैन । प्राध्यापक निवृत्त भएको थाह नै हुँदैन । तर कर्मचारी निवृत्त भए वरपरसमेत चर्चा परिचर्चा हुने गर्दो रहेछ ।

राज्य चल्न र चलाउन सबैको भूमिका उतिकै आवश्यक पर्ने नै होला । सबैले एउटै काम गरेर त भएन । सबैको आआफ्नो ठाउँमा जिम्मेवारी र भूमिका हुन्छ । उत्तिकै चर्चा, दृष्टिकोण र व्यवहार हुनु पर्ने हो भन्ने लाग्छ तर खास व्यवहार र सामाजिक दृष्टिकोणमा त्यस्तो हुने रहेन छ । तीस वर्षभन्दा लामो ऊर्जाशील समयमा थातथलो, इष्टमित्र र स्थानीयता सँगको अन्तरघुलन असाध्य कमजोर भएछ । जीवनको ऊर्जाशील समयको कमाइ जीवनको अन्तिम तिरको कमजोर वेलाको लागि उपयोगी हुन्छ भन्ने मान्यता यस दृष्टिले हेर्दा विपरीत भएछ ।

एकै वर्ष पुग्दा नपुग्दा आधा दर्जन जति अनुसन्धान प्रकृतिका प्रतिवेदनमा संलग्न भइएछ । तिनमा जीवनकालमा अर्जित ज्ञान र दृष्टिकोण प्रतिविम्वित त भए होलान् । तर पढ्दतिमा रहँदा प्रतिवेदनले उपादेयता ठम्याएका विषयलाई यसरी कार्यान्वयनमा लग्छु प्रयास गरिन्छ भनी जुन मार्गचित्र दिमागमा आउँथ्यो त्यो हुने रहेनछ । अब त बाहिरिया भइएछ । मित्र र बाहिरका दुवैले हेर्ने दृष्टिकोण नै भिन्न छ । भिन्न परिवेशबाट सिक्न र मज्जा लिने तागत आफैले खोजिरहनु परेको छ । जीवनको कालखण्डका बुझाइ र भोगाइ यसरी सञ्चित भइरहेका छन् ।

विश्वासिलो र मजबुद निजामती सेवा भएका मुलुकमा जस्तो हाम्रोमा समाजिक परिवेशमा घुलन, सेवा सम्बन्धी सीप र कौशल जस्ता व्यवहारिक र सैद्धान्तिक तालिम कमी भएको कुरा अनुभूति मात्र भएको छैन अध्ययनका सामग्रीबाट पनि जानकारी भइरहेको छ । एकाध व्यक्तिका व्यवहारलाई लिएर कर्मचारी तन्त्रले नै देश विगार्यो भनी जिम्मेवार व्यक्ति, निकाय र नेताहरुका भनाइ सार्वजनिक हुने गर्दछ । निजामती संयन्त्र त राज्य सञ्चालनको माध्यम र साधन मात्र हो । साधनको प्रयोग गर्ने व्यक्ति राम्रो भएमा काम लाग्छ नत्र बिग्रिन्छ । हँसियाले घाँस काट्दजस्तो हो । सिपालु मानिसले भुत्ते हँसियालाई आफै उधाएर धारिलो बनाएर घाँस काट्दछ । ढंग नहुनेले आफ्नै हात काट्दछ जस्ता द्वन्द्वात्मक भावनाहरु मनमा उब्जिन्छ ।

सेवामा मै हुँदाको मध्यकालतिर निजामती सेवामा आरक्षणको व्यवस्था भित्रियो । नयाँ अभ्यासको डेढ दशक जतिको अनुभवमा करौले आरक्षणले निजामती सेवा खतम बनायो भन्दछन् । एउटा दुर्गमको दलितले कार्यालयमा आएर दलित कर्मचारीसँगै कुरा गर्न पाउँदा चेहरा हँसिलो हुनुको मनोविज्ञानको मित्री रहस्य अनुसन्धान नगरी खतम बनायो भन्ने भनाइमा सहमति हुन मन लाग्दैन । दुर्गम र अनकण्टारका बल्लतल्ल सरकारी कार्यालयमा सेवा लिन पुगेका सेवाग्राहीले आफ्नै रैथाने भाषामा कुरा गर्दा जनकारी र सेवा लिने कुरा सेवाको गुणस्तरको भिन्न पक्ष हो कि भन्ने लाग्दछ । गुणस्तरमा सेवाग्राहीको सन्तुष्टिको पक्षमा सूक्ष्म अनुसन्धान नै नगरी हचुवामा समावेशिताले खतम पार्‍यो भनेको सुन्दा चित्त काटिन्छ ।

मुलुकका बाह्य क्षेत्रका विशिष्ट विज्ञहरुलाई निजामती सेवामा भित्र्याई सेवालाई सिर्जनात्मक बनाउने मनसायले गरिएको खुला प्रवेश पद्धतिले उही सेवाका अक्षर राम्रो हुने, छिटो लेख्ने, काम ठगेर पढ्ने र घोक्ने अनि लिखित परीक्षामा ठप गर्ने र फड्को मार्ने पुनरावृत्तिले पनि के नापेको छ र भन्ने लाग्छ, तर निचोडमा पुग्न सक्दिन । दुई तीन पटकसम्म आरक्षणको अवसर लिने तर मारा (क्रिमिलेयर) वर्गबाट देश उँभो लाग्दैन भन्ने गर्छन्, भनाइ ठिकै होला तर मस्तिष्क उदभ्रमित हुन्छ, बाल्यकालमा घाम उदाउने र उस्ताउने क्षितिजमा पुग्ने अभिलासा राखेजस्तै दुङ्गोमा पटकै पुग्न सिग्दिैन् । आरक्षण कर्मचारी संयन्त्रको एउटा पक्ष मात्र होइन मुलुकको एकताका सूत्र हो रहेछ र राष्ट्रियताको तन्तु रहेछ भन्ने कुराले पनि मनलाई उथलपुथल पारिरहेको हुन्छ ।

प्रशासनिक प्रणाली मुलुकको सामाजिक, आर्थिक र राजनीतिक परिणामका उपज हुन्। अन्य मुलुकमा काबिल प्रशासक सेवा निवृत्त पछि राजनीतिमा मात्र होइन, अन्तर्राष्ट्रिय निकायहरुमा सल्लाहकार को भूमिकामा छन् । नेपालमा विज्ञ भएकाले पुन: अवसर मिल्यो भन्ने कुरामा जनविश्वास छैन । नेपालमा निजामती सेवाको मौलिकता के त ? यी र यस्ता प्रश्न मनमा उब्जिन्छ । हामीले निजामती सेवा लगायतमा उपनिवेशको विरासत त बोक्न परेन तर एकात्मकताको विरासत बोकिरहेका छौं । यसलाई संघीयतामा रूपमन्तरण गर्न सकेन छौ भन्ने अन्तर्ज्ञान सामाग्रीहरु अध्ययनबाट मिलेको छ । संघीयता व्यवस्थापनका क्रममा निजामती सेवा मित्र करौलाई काखा र करौलाई पाखाको व्यवहार सम्झिदा अहिले पनि चित्त काटिन्छ । स्वतन्त्र विश्लेषक र अनुसन्धानको कमीले निहिलिज्म दर्शनले काम गरिरहेको भन्ने बुद्धि जड भएर बसेको छ । भन्नाले सत्य र असत्य पहिचानको आधार छैन । बोल्नेको पिठो बिक्ने अवस्था छ । कर्मचारीतन्त्रको मनोविज्ञान यति विघ्न तन्नम बनेको छ कि भ्रम सत्य जस्तो र सत्य भ्रम जस्तो देखिन थालेको छ । यसको ज्वलन्त उदाहरण बनेको छ निजामती सेवा विधेयक ।

निजामती सेवा जति आलोचित छ उति कालजयी बनेको छ । राज्यको प्रादुर्भावदेखि राज्य संयन्त्रको मेरूदण्ड बनेको छ । राज्य संयन्त्रमा आलोचित भए पनि राजनीतिक नेतृत्वको सहयोगी बनेको छ ।जीवनका हिजका दिनहरु गाउँले परिवेशका थिए । चप्पल लगाउन पाउनु जीवनको ठुलै प्रगति भन्ने मानिन्थ्यो । त्यो जतिको खुसीको क्षण विरलै हुन्थ्यो । अहिले ती समस्या छैनन् । त्यस परिवेशको जीवन पद्धति र अहिलेकोमा कुन ठिक थियो त्यो भन्न सकिने रहेनछ तर ती यी दिन सम्झँदा मन वीभूत हुन्छ । त्यो र यो दिनचर्यामा भिन्नता ल्याउने एउटा र प्रमुख कारक निजामती सेवामा प्रवेश र त्यसै गरिएको साधना पनि हो भन्ने लाग्दछ ।

कर्मचारीको सरूवामा कर्मचारीका युनियन र मन्त्रीको सचिवालयको अस्वभाविक जस्तो लाग्ने व्यवहारले यसको साख बढेको छैन, गिरेको छ भन्ने लाग्दछ । मन्त्री र मन्त्रीको सचिवालयमा पर्ने दबाबले मन्त्रीहरुलाई हत्तु बनाई निरीह हुनु परेका दृष्टान्त कहिलेकाहीं पिडादायक नै बन्दा रहेछन् । कतिपय कर्मचारीले त राजनीतिक पहुँचको दुरूपयोग गरेर वर्षौसम्म एउटै पदमा काम गरि रहेका छन् त्यस किसिमको अवस्थाबाट गुज्रिन खासै नपरेकोमा खुसी नै लागेको छ । निजामती सेवामा जीवनका उर्वर समय व्यतित भए तथापि शिक्षणमा पनि उत्तिकै चासो चिन्ता र संलग्नता रही नै रह्यो । सेवाकै क्रममा आधा दर्जन भन्दा बढी उच्च योग्यताका प्रमाणपत्र प्राप्त गर्ने अवसर जुटेको हो । त्यही क्रममा आधा दर्जन जति राष्ट्रिय स्तरका प्रतिवेदन लेखन

बाँकी पेज ४ मा

कैलाश पर्यटकीय गन्तव्य बन्दै

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको कैलाश गाउँपालिका पछिल्लो समय पर्यटकीय गन्तव्य बन्दै गएको छ । कैलाश गाउँपालिका अन्तरगत सात्विक डाडाँबास गाविसमा अवस्थित अवस्थित कैलाश डाँडा र बैकुण्ठ क्षेत्र अहिले पर्यटकीय गन्तव्यको रूपमा विकास भइरहेको छ ।

मकवानपुरको उत्तरी क्षेत्रमा धादिङ जिल्लासँग सिमाना जोडिएको विकट क्षेत्र संघीयता पछि गाउँपालिकाको पहलमा पर्यटकीय गन्तव्यको रूपमा अगाडी बढ्दै गएको हो । प्राकृतिक सौन्दर्यता, हावापानी र धार्मिक तथा पर्यटकीय महत्वका विभिन्न स्थल रहेको कैलाश बैकुण्ठमा केही वर्षअघि निर्माण गरिएको डाँफे मुनाल पार्कसहित हिमाल र पहाडको दृश्य अवलोकन गर्न सकिन्छ ।

मकवानपुरको पर्यटकीय नगर पालुङबाट



करिब ३ घण्टाको कच्ची सडकको यात्रापछि कैलाशको बैकुण्ठ पुग्न सकिन्छ भने धादिङ जिल्लाको मलेखु र आदमघाटबाट पनि बैकुण्ठ पुग्ने सडक बनिसकेको छ । राक्सिराङ गाउँपालिकाको खैराङबाट पनि बैकुण्ठसम्म जान सडक निर्माण भइसकेको छ । हिउँदयाममा मकवानपुरको मनहरीबाट करिब साढे ३ घण्टामै बैकुण्ठ डाँडा पुग्न सकिन्छ ।

धादिङको बेनिघाट रोराङ गाउँपालिकासँग सिमाना जोडिएको बैकुण्ठबाट धादिङ, गोरखा र रसुवा जिल्लामा रहेको हिमालहरूको आकर्षक दृश्य देख्न सकिन्छ ।

ऐतिहासिक गाउँको रूपमा रहेको बैकुण्ठमा तामाङले घाटु नाँच नाँच्ने प्रचलन छ । घाटु नाँच गुरूङको संस्कृति भएता पनि बैकुण्ठ गाउँमा मात्रै तामाङ जातिले घाटु नाँच नाँच्ने संस्कृति विकास गरेका छन् । हरेक वर्ष जेठको चण्डि पूर्णिमा मेला लाग्ने गरेको छ।

मकवानपुरको उत्तरी भेगमा महाभारत पर्वतमा प्राकृतिक सुन्दरता, सांस्कृतिक सम्पन्नता, ऐतिहासिक एवम् धार्मिक महत्व बोकेका स्थलहरूलाई समेटेर पर्यटकीय क्षेत्रका रूपमा विकास भइरहेको छ । अग्लो पहाडको टुप्पामा निर्माण गरिएको डाँफे र मुनालको आकर्षक प्रतिमाले पर्यटकलाई आकर्षित गर्नुको साथै गाउँमाथि रहेको विष्णु कुण्डमा गुरू रिम्पोछेको प्रतिमा स्थापनाले थप आकर्षण थपिदिएको छ ।

उति बेलाको विकट गाउँमा अहिले सडक पूर्वाधारको पहुँच पुगेको छ । सडक पूर्वाधारसँगै सिजनमा चल्ने बस सेवाले समेत सो क्षेत्र आन्तरिक पर्यटकको रोजाईमा परेको छ । कैलाशको बैकुण्ठ 'आन्तरिक पर्यटकको हब'को रूपमा विकास भइरहेको छ ।

संघीयता कार्यान्वयनसंगै आएको स्थानीय तहले विकट क्षेत्रको रूपमा रहेको सो स्थानलाई पर्यटनको केन्द्र बनाउने गरी अघि बढाएको गाउँपालिका अध्यक्ष लोक बहादुर मोक्तानले बताउँछन् । उनका अनुसार गाउँपालिकाको आन्तरिक स्रोत व्यवस्थापन गरी पर्यटन विकासका लागि कैलाश बैकुण्ठलाई अघि बढाइएको हो । हाल उक्त क्षेत्रमा पदयात्रा गर्नेहरूको आवागमन बढेको उनले बताए । धादिङ, मकवानपुर र चितवनबाट घुम्न आउने पर्यटको संख्या पनि बढ्दोक्रममा रहेको अध्यक्ष मोक्तानले जानकारी दिए । गाउँपालिकाले कैलाश बैकुण्ठलाई पर्यटकीय क्षेत्र बनाउनको लागि प्राथमिकताका साथ लगानी गर्दै आकर्षक पार्कहरू, गुम्बा लगायतका संरचना निर्माण गरेको उनले बताए । बैकुण्ठमा करिब एक करोडको लगानीमा जीपलाइन निर्माणको कामसमेत अन्तिम चरणमा रहेको उनको भनाई छ ।

बैकुण्ठबाट कैलाश गाउँपालिकाको अधिकांश वडाको अवलोकन गर्न सकिने, ऐतिहासिक विष्णु कुण्ड, गुफा, तामाङ जातिको परम्परागत सांस्कृतिक सम्पदा रहेका कारण पर्यटकीय हिसाबले बैकुण्ठ निकै महत्वपूर्ण मानिएको अध्यक्ष मोक्तानले बताए । कैलाश बैकुण्ठको पर्यटकीय विकासका लागि गाउँपालिकाका साथै बागमती प्रदेश सरकारले समेत लगानी गरेको छ ।

अध्यक्ष मोक्तानका अनुसार गाउँपालिकाको पहलमा प्रदेश सरकारले १० लाख रूपैयाँ लगानी गरिदिएपछि डाँफे मुनाल पार्क नजिकैको डाँडामा आकर्षक डम्फू पार्क निर्माण गरिएको छ । ऐतिहासिक बैकुण्ठ डाँडामै गाउँपालिकाले ११ लाख रूपैयाँ लगानी गरी टासी फर्पे छोयलिङ गुम्बा निर्माण गरिएको उनले बताए ।

डाँफे मुनाल पार्ककै मुनि पट्टी अग्लो डाँडाको समथल ठाउँमा सधैं पानी जमिरहने पोखरीलाई विष्णु कुण्डको नाम दिइएको उनको भनाई छ । सो विष्णु कुण्डलाई संरक्षण गर्दै कुण्डको बीचमा गाउँपालिकाले १५ लाख रूपैयाँ खर्चिएर राखेको बौद्ध धर्मका धर्मगुरू पद्म सम्भवको आकर्षक मूर्तिले पनि पर्यटकलाई उत्तिकै लोभ्याउछ ।

उनका अनुसार डाँफे मुनाल पार्कसँगै प्रदेश सरकारको १० लाख रूपैयाँ लगानीमा बैकुण्ठ गाउँ सतिघाट संरक्षण स्थल पनि निर्माण गरिएको छ । करिब ४०० वर्षअघि बैकुण्ठमा मानव बस्ती बसाल्ने सुर्ज मोक्तानको कान्छी पत्नी केमालोमा मोक्तानले पतिको मृत्युपछि सति गई चिहान बनाइएको ठाउँलाई संरक्षण गरी सतिघाट निर्माण गरिएको अध्यक्ष मोक्तानले बताए ।

साहसिक पर्यटनका लागि जिपलाइन

कैलाशगाउँपालिका वडा नम्बर ३ बैकुण्ठमा नवनिर्मित कैलाश बैकुण्ठ जीपलाइनको पहिलो चरणको परिक्षण भएको छ । कैलाश गाउँपालिकाको बैकुण्ठदेखि कैलाशडाँडा जोड्ने जीपलाइन निर्माण गरेको हो । गाउँपालिकाको एक करोड रूपैयाँ लगानीमा जीपलाइनको परिक्षण समेत सफलतापूर्वक गरेको हो । गाउँपालिकाले बहुवर्षिय योजना बनाई दुई स्थानमा स्टेशन, ब्रेकिङ सिस्टम(हारनेस) र तार निर्माण गरेको थियो । २०८० माघमा ८ लाख ५६ हजार रूपैयाँमा ठेक्का सम्झौता भइ काम थालिएको थियो । सम्झौता अनुसार समयमा नै निर्माण काम गरिएको र छिट्टै संचालनमा ल्याउने योजना तयारी गाउँपालिकाको रहेको छ ।

अध्यक्ष मोक्तानका अनुसार पर्यटनका लागि आवश्यक धेरै संरचनाहरू बनाइसकिएको र अब पर्यटकको आवासको लागि व्यवस्थित होमस्टे स्थापनाको योजना रहेको छ । गाउँपालिकाले आगामी आर्थिक वर्षमा बजेट विनियोजन गरी स्थानीय सरकार र स्थानीयको साझेदारीमा होमस्टे सञ्चालन गर्ने योजना तयार गरेको अध्यक्ष मोक्तानले बताए । रिसोर्ट र होटल सञ्चालनको लागिसमेत निजी क्षेत्रलाई आह्वान गर्ने गाउँपालिकाको रणनीति रहेको उनले बताए ।

बैकुण्ठको पर्यटन प्रवर्द्धन गर्न आगामी दिनमा स्काई साइकिलिङदेखि प्याराग्लाइडिङको सम्भाव्यता अध्ययन गर्ने योजना अनुसार प्रक्रिया अघि बढाइएको उनले बताए । आगामी आर्थिक वर्षमा कैलाश गाउँपालिका १ र ३ को सिमानामा रहेको गुप्तेश्वरी गुफा र कैलाश डाँडामा रहेको कैलाश गुफा जोड्ने सिँढीसहितको पैदलमार्ग बनाउने योजना अनुसार काम भइरहेको उनको भनाई छ ।

कैलाश गाउँपालिकाको डाडाँवासमा रहेको बैकुण्ठ ताल यस अघीनै प्रचार प्रसारमा आएको थियो । उक्त तालको कारण डाँडाबासलाई चिनिएको थियो । धादिङ जिल्लाको सिमानामा रहेको उक्त तालको अवलोकन गर्न धादिङ तर्फबाट पर्यटक यस अघि देखिनै आउने गरको स्थानीय बताउँछन् ।



बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेरमै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन ।

त्यसैले बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

राक्सिराङ गाउँपालिका

गाउँ कार्यपालिका कार्यालय, मकवानपुर

सहीसबर

सही समिक्षा/सहीवार्ता

२०८१ चैत २१ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

'अञ्जिला' दु:ख, संघर्षसँगै सफलताको कथा

○ आरपी गुरागाईं

महिला राष्ट्रिय फुटबल खेलाडी एन्जिला तुम्बापो सुब्बाको जीवनका आरोह अवरोहमा आधारित नेपाली चलचित्र हो 'अञ्जिला' । गत २९ फागुन फागु पूर्णिमाको दिन बिहीबारबाट देश भर प्रदर्शनमा आएको छ । ४ चैत्र शुक्रबार, २०७८ मा राष्ट्रिय फुटबल खेलाडी एन्जिला तुम्बापो सुब्बाको जीवनमा आधारित रहेर फिल्म 'अञ्जिला' बनाउने घोषणा गरिएको थियो ।

फिल्मको शीर्ष भूमिकामा एञ्जिला आफैले अभिनय गरेकी छिन् । उनीसँगै दयाहाङ राई, सिर्जना सुब्बा, माओत्से गुरुङ, बुद्धि तामाङ, प्रेम कुमार श्रेष्ठलगायत कलाकारको जिवन्त अभिनय छ । फिल्मले दुर्गम जन्मथलोबाट व्यवसायिक फुटबल खेलाडी बन्ने सपना बोकेर राजधानी काठमाडौं आएको तथा संघर्षपूर्ण कथा चित्रण छ । केन्द्र मोशन पिक्चर र मुन लभ इन्टरटेन्मेन्टको ब्यानरमा बनेको फिल्ममा प्रेमकुमार श्रेष्ठ र केन्द्र लिम्बू निर्माता छन् ।

अञ्जिलामा एउटा वियोगान्तक गित समावेश छ । रात किन हुन्छ हुजुर दिन किन हुन्छ ? थाहा छैन जिन्दगी कठिन हुन्छ'। । यस गीतको भावले फिल्मको कथाका वियोगान्तक क्षणलाई एकै पटक बोलेको झैं लाग्छ । फुटबलर एन्जिलाको कथालाई निर्देशक मिलनले पर्दामा उतार्ने जमकी गरे । सफलता मित्र दु:ख र वेदना अझ बढी सशक्त भएर आएको छ । जसको प्रभाव फिल्मको सुरूदेखि अन्त्यसम्म छाड रहन्छ । त्यसो त मिलनले निर्देशन गरेका प्राय: फिल्मले दर्शकको मनबाट ढाढा जादैनन् । मन छुन्छन् ।

खेलकुदमा हुने भनेको हार र जितको दुई पाटो मात्रै हो । बाँकी अभाव र दु:खका कथा यस्ता हुन्छन्, जो देखिदैनन्, कतै लेखिदैनन् भनिए पनि सुनिदैंन । जब दु:ख र अभावले सफलताको बाटो पहिल्याउँछ त्यस्ले बढी महत्व पाउँछ जीवनमा छुन्छ पनि । अञ्जिलामा दु:ख अभाव संघर्ष र सफलतालाई एकैसाथ प्रस्तुत गरेर मन जितेका छन् ।

कथाको रफ्तार

यो कथा एउटा सफल फुटबलरको हो । त्यो भन्दा बढी उनको वेदनाको दु:खको । साथमा उनीसँगै पिडा र दु:खमा छिन उनको आमा । कथाका पात्र अञ्जिला जो निरन्तर डटिरहिन्छिन, खटिरहिन्छिन कर्मसंग सफलताको लागि, फुटबलर बन्ने सपनासँगै । रत लखेटिइरहिन् केही थान प्रश्नसँग ।

मनमै गाठो परेर बसेको दु:खका कथाको सुरूवात उनको बाल्यकालबाट गरिएको छ । पाँचथर घर भएका अञ्जिलाका बुवा फौजी हुन्छन् । डुलिरहने पल्टने नियतिले उनलाई जिल्लाकै विकट क्षेत्र फाक्तेब पुर्याउँछ । जहाँ उनको भेट अञ्जिलाको आमासँग हुन्छ । दुवै जना छोटो समयमा एक अर्काको प्रेम परेपछि दुवैले भागी विवाह गर्छन् । दोस्रो सन्तानको रूपमा अञ्जिलाको जन्म त्यही फाक्तेबमा हुन्छ । लगत्तै उनका बुवाले र ईलाम झर्ने निर्णय लिन्छन् । इलाम रहँदै एन्जिला स्थानीय स्कुलमा पढ्दै ढालोको बल बनाएर साथीहरूसँग खेल्दै आफ्नो फुटबलर बन्ने इच्छा जताउन थाल्छिन् । अञ्जिलाको आमा माडा घरमा पसलमा चलाउँछिन् । गाउँकै अर्को पुरूषले अञ्जिलाको खेल प्रेम देखेर जुत्ता ल्याइदिन्छन् ।

एक दिन लडेर खुट्टामा चोट आएपछि ती पुरूष पात्रको सहयोगमा अस्पताल पुर्याइन्छ । अस्पतालमा ३ दिन बसेर घर फर्किन नपाउँदै ती पुरूष पात्रको श्रीमतिको कुरमा लागेर अञ्जिलाको बुबाले आमालाई आरोप लगाउँछन् । झगडा मिलाउन बसेको पञ्चायतमा समेत निकास ननिस्किए पछि ती पुरूष पात्रले अञ्जलीलाई बोकेर अघि लाग्छन् । अनी अञ्जिलाको आमा दाजुलाई डोऱ्याएर उनको पछि लाग्छन् ।

अञ्जिलाको बुबाले अर्को श्रीमति ल्याएपछि बुबाले घर छोडेर निस्कन्छन् । आफ्नै बाबुको तेसपछि अत्तोपत्तो हुँदैन । यता अस्पताल पुऱ्याउने पात्रको घरमा पछि लागेर गएका अञ्जिलाका आमा र उनीहरूले दु:ख पाउन छोड्दैनन् । गोल खेल्न नदिने यि बुबाले समेत अनेक गर्छन् । घरमा थाहै नदिई गेममा छनौट जलाउँदा उनले करिब हार खाइसकेकी हुन्छिन् ।

आमाको सपना छोरीलाई ठुलो मान्छे भएको हेर्ने रहर समेत रहरै हुने हो की भनेर एक साझ छोरीलाई काठमाडौं ढाढाको साइनो पर्ने दिदीको घरमा पठाउने सुनाउँदा उनलाई इच्छा पुरा हुने आश पलाउँछ । तर जब उनी काठमाडौं भनेको स्थानमा पुग्छन् उनको फुटबलर वन्ने सपनालाई सबैले खिसी मात्रै गर्दैन हासोको पात्र बनाउँछन् । त्यहाँ पनि आफ्नो सपना पुरा नहुने देखेपछि ओतलागेको घर छोडेर इलाम निसक्ने बाहानामा सडकमा निस्किन्छन् ।

त्यसपछि र त्यस अघि अञ्जिलाले के के गर्छिन् कति दु:ख पाउँछिन र संघर्ष गर्छिन् र सफलता हात पार्छिन त्यो थाहा पाउन अञ्जिला फिल्म हेर्नै पर्छ ।

फिल्मको सन्देश

फिल्ममा प्रशंगवस आउने केही सस्ता वाक्यले दिक्क बनाउँदैन । विकट गाउँघरमा अझै सन्तानको वेहद इच्छालाई बुझ्ने आमाको खासै भूमिका परिवारमा नहुँदा आइपर्ने समस्या देख्न सकिन्छ ।

फिल्म हेरिरहँदा कहि कतै दिक्क लाग्दैन । कथामा आफैं बगेजस्तो लाग्छ, अभाव झेलेर हुर्किएकाहरूले आफ्नै जीवनसँग मेल खाएको सम्झन्छन् । अझ त्यस्तै प्रकृतिको दु:ख संघर्ष गरेर आएका छौं भने कथासँगै आखाँ भिजेको थाहै पाइदैन। कतै दु:खका दृष्यमा कतै सफलताको दृश्यहरूमा ।

फिल्ममा आमाले अञ्जिलालाई काठमाडौं पठाउनुअघि केही प्रतियोगितामा भाग लिएर उत्कृष्ट प्रदर्शन गरिएको, त्यो सपना पुरा नहुनेहरूले यो फिल्म हेर्नै पर्छ । दु:खका पहाड जत्रो भए पनि छिचोल्ने आफैंले हो । संघर्षको मैदानमा लड्ने हो भाग्ने होइन । मेहेनत, धैर्यता र इच्छाशक्ति भए जीवनको जस्तोसुकै परिस्थितिको सामना गर्न सकिन्छ भन्ने अञ्जिलाबाट लिन सकिन्छ ।

केबल मनोरञ्जनको लागि मात्रै होइन् फिल्मका कथाबाट केही बुझ्न र सिक्न सकियो भने त्यो फिल्मको सफलता हो । यो अञ्जिलामा पाउन सकिन्छ ।



खेलाडीका लागि मात्रै नभएर विविध कारणले आफ्ना सपना पुरा नहुनेहरूले यो फिल्म हेर्नै पर्छ । दु:खका पहाड जत्रो भए पनि छिचोल्ने आफैंले हो । संघर्षको मैदानमा लड्ने हो भाग्ने होइन । मेहेनत, धैर्यता र इच्छाशक्ति भए जीवनको जस्तोसुकै परिस्थितिको सामना गर्न सकिन्छ भन्ने अञ्जिलाबाट लिन सकिन्छ । फिल्म केबल मनोरञ्जनको लागि मात्रै होइन् फिल्मका कथाबाट केही बुझ्न र सिक्न सकियो भने त्यो फिल्मको सफलता हो । यो अञ्जिलामा पाउन सकिन्छ ।

निजामती...

२ पेजको बाँकी

कार्यमा संलग्न हुने अवसर मिलेछ । यिनै परिवेशले शिक्षा सम्बन्धी एक किसिमको समझदारी विकास भएर होला, शिक्षासम्बद्ध भूँइतहका विषयवस्तुले बेलाबेलामा मनमस्तिष्कमा गहिरो प्रभाव पार्ने गरेको छ ।

जिम्मेवारीमा नै रहेका उच्च तहका पदाधिकारीहरुले विषयवस्तुको कारण र गम्भीरता नछिमली यति प्रतिशत विद्यार्थी अनिवार्य पास गराउनु पर्छ जस्ता अभिव्यक्तिले मनलाई दिक्क बनाउँछ ।


अन्तराष्ट्रियस्तरमा एउटा विद्यार्थी उपलब्धि सम्बन्धी अध्ययनको नतिजाले राष्ट्रपतिलाई मुर्छित बनाएका दृष्टान्त मनमा प्रकट भएको हुन्छ ।

आफ्नो कर्मथलोमा रहेर अरूकुराको प्रभाव नगरी खुरूखुरू बालबालिकाको पठनपाठनमा अन्तर घुलित भएका सच्चा व्यावसायिक नैतिकता र व्यवहार देखाएका शिक्षकको पहिचान र सम्मान गर्न नसकिएको विषयले मनमा शिक्षा सुधारको मार्गचित्र उत्पन्न हुन्छ ।

संरचना, पदसोपान र राजनीतिक दबदबाका कारणले शिक्षा सुधारको विमर्श, माग र विरोधहरु पठनपाठनको मर्मभन्दा सुविधा र लेनदेनमा केन्द्रित भएको जस्तो लाग्छ ।

प्रशासनडटकमबाट

सिस्नुपानी मकवानपुरले गौतमद्वयलाई सम्मान गर्ने





◯ सहीखबर संवाददाता

मकवानपुर । सिस्नुपानी नेपाल मकवानपुरले २ जना हास्यव्यङ्ग्यकारलाई सम्मान गर्ने भएको छ ।

सिस्नुपानी नेपालको स्थापना दिवसको अवसरमा कृष्ण मुरारी गौतम 'चद्दयाङ मास्टर' र सुबोध गौतमलाई हास्यव्यङ्ग्य पुरस्कारबाट सम्मान गरिने भएको हो ।

सिस्नुपानी मकवानपुरले २० बैशाख २०८२ मा हेटौंडामा हास्यव्यङ्ग्यात्मक कार्यक्रम आयोजना गरी उनीहरूलाई सम्मान गर्न लागिएको संस्थाका सचिव सुमार्गी हुमागाईंले जनाकारी दिए ।

सिस्नुपानी नेपाल तथा एजिङ नेपालका संस्थापक हास्यव्यङ्ग्य स्रष्टा 'चद्दयाङ मास्टर'लाई डा. गणेशकुमार पौडेल स्मृति सम्मान २०८१ बाट सम्मानित गरिने भएको हो । उक्त पुरस्कारको राशी २५ हजार रूपैंया रहेको छ । यस अघि हास्यव्यङ्ग्यकार आरसी रिजाल र उत्तमकृष्ण मजगैयालाई उक्त पुरस्कारबाट सम्मानित गरिएको थियो ।

उक्त पुरस्कार सिस्नुपानी नेपाल मकवानपुरका पूर्व अध्यक्ष गणेश पौडेलको स्मृतिमा परिवारजनले स्थापना गरेका हुन् ।

यस्तै युवा हास्यव्यङ्ग्य कलाकार सुबोध गौतमलाई आर सी रिजाल हास्यव्यङ्ग्य सम्मान २०८१ बाट सम्मानित गरिने भएको छ । १५ हजार ५५५ रुपैयाँ राशिको उक्त सम्मान सिस्नुपानी नेपाल मकवानपुरका संस्थापक तथा बुद्धयौली साहित्य समाज मकवानपुरका अध्यक्ष आरसी रिजालले स्थापना गरेका हुन् । अघिल्लो वर्ष उक्त पुरस्कारबाट हास्यव्यङ्ग्य कवि अनिल पौडेललाई सम्मान गरिएको थियो।

संस्थाका अध्यक्ष संप्रस पौडेलका अनुसार गाईजात्रा पर्व र तिहारमा देउसी भैलोको अवसर मा हास्य हास्यव्यङ्ग्य कार्यक्रम गर्दै आइरहेको सिस्नुपानी मकवानपुरले अघिल्लो वर्ष स्थापना दिवसमा राष्ट्रिय स्तरको हास्यव्यङ्ग्य कविता प्रतियोगिता आयोजना गरेको थियो ।

बागमतीमा ४ दिन बिदा थप संघ विरुद्ध अदालत जाने

◯ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेश सरकारले २०८२ सालमा थप ४ दिन सार्वजनिक बिदा दिने निर्णय गरेको छ । सोमबारको प्रदेश मन्त्रिपरिषद् बैठकले थप ४ दिन बिदा दिने निर्णय गरेको हो ।

विगतमा प्रदेश सरकारले दिँदै आएको सार्वजनिक बिदालाई क्यालेण्डरमा नै जनाउने गरी ४ दिनको बिदा थप गर्ने निर्णय गरिएको छ' प्रदेश सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानून मन्त्री सुरज लामिछानेले भने ।

'उक्त निर्णयसँगै विगतमा पर्व र दिवस विशेषमा बिदा दिन मन्त्रिपरिषद बैठक बस्नुपर्ने अवस्था रहने छैन' उनले भने ।

नेपाल सरकारले निर्णय गरेका बाहेक प्रदेश सरकारले प्रदेश कामकाजी भाषा ऐन कार्यन्वियन भएको दिन बैशाख २४ गते, गाईजात्राको दिन साउन २५ गते, चेपाङ समुदायको न्वागी मदौ २२ गते र माझी समुदायको लदी पर्व फागुन १९ गतेका दिन बिदा दिने निर्णय गरेको उनले जानकारी दिए ।

सरकारले मन्त्रिपरिषदले गरेको उक्त निर्णय प्रदेश राजपत्रमा प्रकाशित भएपछि कार्यन्वियनमा आउने छ ।

यसैगरी मन्त्रिपरिषद् बैठकले बागमती प्रदेश सरकार ले संघीय सरकारबिरूद्ध मुद्दा दायर गर्ने निर्णय गरेको छ ।

संविधानको प्रदत्त एकल अधिकारको यातायातसम्बन्धी व्यवस्थाका विषयमा संघीय सर कारविरूद्ध संविधानको धारा ३३७ को उपधारा २ (क) बमोजिम संवैधानिक इजलाशमा मुद्दा दायर गर्ने निर्णय गरेको सरकारका प्रवक्ता लामिछानेले जानकारी दिए ।

प्रदेशको एकल अधिकारको सूचिका रहेको द्याक्सी व्यवस्थापन तथा मापदण्ड सम्बन्धी मुद्दामा अदालतले मापदण्ड बनाउने आदेश भएकोमा संघीय सरकारले तयारी गरेकाले सो विरूद्धमा सर्वोच्चको संवैधानिक इजलाशमा मुद्दा दायर गर्ने निर्णय गरिएको उनले बताए ।

यसअघी संघीय सरकार विरूद्ध प्रदेश सरकार शहरी क्षेत्र सार्वजनिक यातायात (व्यवस्थापन) प्राधिकरण ऐन, २०७९ को विरूद्धमा सर्वोच्च अदालत पुगेको थियो ।

उक्त मुद्दा सर्वोच्चको संवैधानिक इजलाशमा विचाराधीन छ ।

मकवानपुरगढीमा बाघले बाख्रा मार्‍यो

◯ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको मकवानपुरगढी गाउँपालिकामा बाघको आक्रमणबाट २ वटा बाख्रा मरेका छन् ।

बुधबार बिहान ४ बजेको समयमा मकवानपुरगढी ६ जनएकता टोलमा बाघको आक्रमणबट २ वटा बाख्रा मरेको हो ।

नकुल सापकोटाको खोरमा बाधेर राखेको बाख्रालाई बाघले आक्रमण गरेको जिल्ला प्रहरी कार्यालयले मकवानपुरले जनाएको छ । नजिकैको जंगलबाट आएको बाघ खोर भित्र छिरेर आक्रमण गरेको थियो । आक्रमणपछि बाघले बाख्रालाई खोरबाट करिब ६ सय मिटर टाढा लगेर छाडेको थियो ।

छिर्की हानेर अधिवेशन अन्त्य...

१ पेजको बाँकी

प्रदेश संसदीय दलका नेता कृष्णप्रसाद शर्मा खनालका अनुसार बैठकमा प्रतिपक्षी दलले उठाएको माग र मुद्दामा सरकारले सकारात्मक संकेत नदेखाएपछि निश्कर्ष निस्कन सकेन । विगतका सहमति कार्यान्वयन र सहकारी मन्त्री श्रेष्ठको छानविन समिति गठनका विषयमा सरकार सकारात्मक नरहेको उनले जानकारी दिए ।

मंगलबारको छलफलका क्रममा सरकारले यसअघी गरेका प्रतिबद्धता अनुसार प्रक्रिया अघि नबढे बुधबारको प्रदेशसभा बैठक चल्न नसक्ने चेतावनी दिएका थिए । त्यस लगतै संसद अवरोध भइरहे हिउँदे अधिवेशन अन्त्य गर्ने तयारीमा प्रदेश सरकार पुगेको बताइन्छ ।

बुधबार सामान्य ढंगले संसद् चले कार्यसूची अघि बढाउने नत्र प्रदेशसभा अधिवेशन अन्त्य हुन सक्ने मंगलबार नै प्रदेश मुख्यमन्त्री बहादुर सिंह लामाले बताएका थिए । प्रतिपक्ष दलसँग विगतमा भएका सहमति क्रमश: कार्यान्वयनको चरणमा रहेका र केही दिनमा सबै विषय मिलान हुने लामाले विश्वस्त पार्न खोजेका थिए ।

विगतको सहमति अनुसार प्रतिपक्ष र सत्तापक्षका सांसदहरुको छुटेका आयोजनाको बजेट १ अर्ब ३० करोड रूपैयाँ रहेको उनले जानकारी दिए । त्यसमध्ये ८० करोड बजेट व्यवस्थापन गर्न बाँकी रहेको र सो कार्य प्रक्रियामा रहेको पनि उनले बताका थिए ।

हिउँदे अधिवेशनमा के के भए?

बागमती प्रदेशसभाको हिउँदे अधिवेशन १८ माघबाट सुरू भएको थियो । प्रदेशसभाको हिउँदे अधिवेशन अन्तर्गत २३ माघमा २ वटा, २३ माघमा १ वटा र २६ माघमा २ वटा बैठकहरू संचालन भएको छ ।

सो पश्चात अनिश्चितकालका लागि स्थगित भएको बैठक २ महिनापछि मंगलबारको लागि बोलाइएकोमा सभा चलुदै नचली स्थगित गरियो । २६ माघको प्रदेशसभा बैठकले प्रदेश खेलकुद विकास ऐन २०७५ लाई संशोधन गर्न बनेको विधेयक पारित गरेको थियो । यसैगरी अन्य ४ विधेयकलाई संसदीय समितिमा छलफलका लागि पठाएको थियो ।

प्रदेश सभा सचिवालयका अनुसार बैठकले विषयगत समितिमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐनलाई संशोधन गर्न बनेको विधेयक, कृषि विकास सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७६ लाई संशोधन गर्न बनेको विधेयक, प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयकको प्रतिवेदन सभामा पेश गरिएको थियो ।

यस्तै प्रदेश प्रमुखबाट फिर्ता आएको प्रदेश कृषि विकास विधेयक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पनि २६ माघको बैठकमा संशोधन सहित पेश गरिएको थियो । मंगलबारको बैठकमा गत माघ मे संसदमा पेश भएका संसोधन विधेयकहरू पेश गरिने कार्यसुची रहेको थियो । अधिवेशनको अन्त्य भएपछि उक्त विधेयकहरू समेत अलपत्र परेका छन् ।

हेटौंडादेखि सौराहासम्म साइकल यात्रा



◯ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशको राजधानी हेटौंडादेखि चितवनको सौराहासम्म साइकल यात्रा हुने भएको छ । बागमती प्रदेश संस्कृति तथा पर्यटन मन्त्रालय तथा आर्थिक मामिला तथा योजना मन्त्रालयको सहयोगमा साईकल सिटी हेटौंडाको आयोजनामा साइकल यात्रा हुने भएको हो ।

१२ बैशाख,२०८२ मा आयोजना हुने साइकल यात्रामा ४३ जिल्लाका करिब ५ सय जनाको सहभागिता रहने आयोजकले जनाएको छ । मकवानपुर को हेटौंडाबाट सौराहासम्म ७५ किमिको यात्रा रहने छ । ११ बैशाखमा बाहिरी जिल्लाबाट आउनेलाई हेटौंडामा स्वागत गरिने तथा १२ गते बिहान मुटनदेवी मन्दिर दर्शन सँगै यात्रा सुरू हुने छ ।

'साइकल यात्राको मुख्य उदेश्य आन्तरिक पर्यटन प्रवर्द्धन, पर्यावरणीय सन्तुलन, स्वास्थ्य जागरुकता तथा सांस्कृतिक आदानप्रदान हो' साइक्लिङ सिटी हेटौंडाका आध्यक्ष लेखनाथ ढकालले भने । यात्रीहरू हेटौंडाको थानाभर्याङ, नवलपुर, लेवढ, बस्तिपुर, विगडाँडा, मनहरी गाउँपालिकाको रजैया अग्निहोत्र आश्रम, चितवनको भण्डारा बजार, पर्सा खैरहनी बजार, रत्ननगर नगपालिकाहुँदै सौराहा प्रवेश गर्नेछन् । ती स्थानहरूमा स्थानीय युवा क्लब, वडा कार्यालय, गाउँपालिका तथा नगरपालिकाले स्वागत र सम्मान गर्ने कार्यक्रम रहेको बताइएको छ ।

साइकल यात्री चितवनको सौराहा प्रवेशसँगै सौराहा रेष्टुरेन्ट व्यवसायी तथा होटल व्यवसायी संघले स्वागत गर्ने कार्यक्रम तालिका रहेको आयोजकले जनाएको छ । यात्रीहरूलाई सौराहाको होटल सेमेन स्टारमा विविध साँस्कृतिक कार्यक्रम समेत देखाइने भएको छ । १३ बैशाखमा जंगल सफारी गरेसँगै कार्यक्रम समपन हुने छ ।

स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं, वातावरण स्वच्छ र हराभरा राखौ । पानीको मुहान/स्रोत संरक्षण गरौं । बालमा किटनाशक औषधिको प्रयोग कम गर्दै जैविक औषधिको प्रयोग बढाऔं । रसायनिक मल भन्दा प्राङ्गारिक मलको प्रयोगमा प्राथमिकता दिने गरौं ।
साझा जगत मल्टिमिडिया प्रा.लि

‘चलिरहेको अधिवेशन अन्त्य गर्ने निर्णय सरकारको निरंकुशता’



○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने विपक्षी दलहरुले प्रदेश सरकारले चालु हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय सरकारको निरंकुशता भएको आरोप लगाएका छन्।

बुधवार पत्रकार भेटघाट गर्दै नेकपा माओवादी केन्द्र, राप्रपा र नेकपा एकीकृत समाजवादीले आफ्नो कमीकमजोरी र असफलता ढाक्छोप गर्न सरकारले संसद छल्न अधिवेशन अन्त्य गरेको आरोप लगाएका हुन्। नेकपा एकीकृत समाजवादी प्रदेश संसदीय दलका नेता कृष्ण शर्मा खनालले बागमती प्रदेश सरकारले गरेको संसद अधिवेशन अन्त्य गर्ने हर्कतले सर कार पूर्णत: असफल सावित भएको बताए ।

आफ्नो कमीकमजोरी र असफलतालाई ढाक्छोप गर्न संसद छल्ने कार्यले चाँडै हुने वर्षे अधिवेशनलाई समेत प्रभावित पार्ने उनले बताए । ‘बजेट अधिवेशन समेत अनिश्चित दिशामा धकेलिने सम्भावना बढेको छ । दलहरुबीचको सहमति र सहकार्यबाट भाग्ने सर कारले नीति, कार्यक्रम र बजेटसमेत ल्याउने नैतिकता गुमाएकोले यस प्रकारको गैरजिम्मेवार हर्कत छोडेर वार्ता र सहमतिमार्फत अगाडि बढ्न हामी जोडदार माग गर्दछौं’ उनले भने ।

नेकपा माओवादी केन्द्र संसदीय दलका प्रमुख सचेतक रत्नप्रसाद ढकालले प्रदेशसभामा प्रतिनिधित्व गर्ने सबै दलहरुको साझा एजेन्डालाई गम्भिरतापूर्वक कार्यान्वयन गर्नुको सट्टा आलटाल गर्ने र अलमल्याउने नीति सरकार को देखिएको आरोप थियो।

उनले विगतका सहमति कार्यन्वयन गरी प्रदेशसभा संचालन गर्ने वातावरण बनाउन मंगलवार दिनभर वार्ता र संवादपश्चात बुधवार १ बजे बस्नेगरी सहमति हुँदाहुँदै बुधवार बिहान अधिवेशन अन्त्य गर्ने निर्णयले सरकार संसद छलेर गैरजिम्मेवार ढंगबाट प्रस्तुत भएको आरोप लगाए । दलहरूबीच छलफल चलिरहँदा अधिवेशन अन्त्य गर्ने निर्णयले सरकारको अपरि पक्वता मात्र देखिएन ठूला दलहरु मिलेर बनेको सरकारको दम्भ, घमण्ड र निरंकुश शैलीसमेत उदाङ्गिएको छ’ उनले भने ।

मंगलबार प्रदेशसभा संचालनको लागि भएको सर्वदलीय बैठकमा सरकार निकै गैरजिम्मेवार ढंगबाट प्रस्तुत भएको राप्रपा संसदीय दलका उपनेता गिरबहादुर तामाङले बताए । उक्त छलफलमा विपक्षी दलहरु लचिलो भइ वार्ता र छलफल भइरहँदा बुधवार विहानको मन्त्रिपरिषद् बैठकले चालू अधिवेशन अन्त्य गर्ने हठात् निर्णय गर्नुले कार्यपालिका र व्यवस्थापिकाबीचको दूरी बढाउने दिशामा सरकार उन्मुख देखिएको उनले आरोप लगाए । सरकारले यसैगरी पेलेर गइरहे वर्षे अधिवेशन समेत प्रभावित हुने विपक्षी दलहरुले चेतावनी दिएका छन्।

मंगलवार विहानदेखि बसेको प्रदेशसभाका ७ दलको बैठकसमेत निष्कर्षविहीन बनेको थियो। प्रदेशसभाका सभामुख भुवनकुमार पाठकले आह्वान गरेको बैठकमा सत्तापक्ष र प्रतिपक्षबीचको विगतको बजेटमाथिको सहमति र पछिल्लो समय भएको सहकारीमन्त्री मदुकुमार श्रेष्ठको स्वकीय सचिवको आत्महत्या प्रकरणमा छानबिन समिति गठनका विषयमा सहमति जुट्न नसक्दा बैठकमा सहमति हुन सकेको थिएन।

बुधवारको मन्त्रिपरिषद्को बैठकले मध्यराती १२ बजेबाट प्रदेश सभाको हिउँदे अधिवेशन अन्त्य गर्ने निर्णय गर्दै प्रदेश प्रमुख समक्ष सिफारिस गरेको थियो । प्रदेश प्रमुख दिपक प्रसाद देवकोटाले बुधबारनै प्रदेशसभाको बैठक अन्त्य गरिएको लिखित जानकारी सभामुख भुवनकुमार पाठकलाई गराएका छन् ।

प्रदेश सभा सचिवालयले सभामुखको आदेशले अर्को सूचना जारी नहुन्जेलसम्मका लागि प्रदेश सभाको बैठक स्थगित गरिएको जानकारी गराएको छ ।

११० सदस्यीय प्रदेशसभामा ७ दलको प्रतिनधित्व रहेको छ । जसमा कांग्रेस ३७, एमाले २७, रा प्रपा १३, एकीकृत समाजवादी ७, नेमकिपा ३ र हाम्रो नेपाली पार्टी २ जना सदस्य छन् ।

हेटौंडामा शिव महापुराण लगाइने



○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा शिव महापुराण लगाइने भएको छ । राधिका फाउन्डेसनले हेटौंडा उपमहानगरपालिका-५ स्थित पिप्ले क्याम्पा रंगशालामा शिव महापुराण गर्न लागिएको हो ।

२ वैशाख २०८२ देखि १३ बैशाखसम्म हुने शिव महापुराण झापाको कन्काई-६, मनसापुरस्थित आश्रममा आश्रय लिइरहेका बालबालिकाको सहयोगको लागि सञ्चालन गरिने भएको हो । राधिका फाउन्डेसनले सोमबार पत्रकार भेटघाट गरी शिव महापुराणको जानकारी गराइएको हो ।

राधिका फाउण्डेसनको संस्थापक राधिका दासीले महापुराण वाचन गर्नेछिन् । महापुराणमा सर कार, गैरसरकारी निकायको सहयोगको अपेक्षा गरेको फाउण्डेशनको संस्थापक दासीले बताइन् । शिव महापुराण अन्तर गत २ बैशाखमा हेटौंडा १० स्थित गोरक्षश्वर मन्दिर परिसर राप्तितटबाट कलश शोभा यात्रा गरी सुरु हुने बताइएको छ। यसैगरी ३ बैशाखदेखि १३ बैशाखसम्म कथा वाचन महात्मेय कथा तथा सामाजिक झाँकीलिला हुनेछ । यसैगरी १४ बैशाखमा पाठ पारायण तथा मण्डप पुजन गरी हेटौंडा क्षेत्रमा ९५ वर्ष कटेका जेष्ठ नागरिकलाई सम्मान गरिने आयोजकले जनाएको छ । यस्तै कलश यात्रामा सहभागी हुने आमा समूह र टोल विकास संस्थाहरुलाई सम्मान गरिने उनले जानकारी दिइन् ।

‘रकम संकलनको उदेश्यले मात्रै महापुराण गर्न लागिएको होइन’ उनले भनिन् । राधिका फाउण्डेसनले दाताहरुको सहयोगमा झापाको कन्काइ नगरपालिका-६, मनसापुर स्थित १८ कोठे आश्रम तथा सत्संग भवन निर्माण भइरहेको बताइएको छ । उक्त भवन निर्माण सहयोगको लागि महापुराण गर्न लागिएको बताइएको छ ।

फाउन्डेसनले हाल झापाको कन्काइमै घर भाडामा लिएर १५ बालबालिकालाई अंग्रेजी माध्यममा अध्यापन गराइरहेको छ । यस्तै ३५ बालबालिका काठमाडौंका विभिन्न विद्यालयमा आवासीयरुपमा अध्यापन गराइ रहेको उनले बताइन् । महापुराणबाट संकलन भएको र कमको केही प्रतिशत पिप्ले क्याम्पा रंगशालालाई प्रदान गरिने उनले जानकारी दिइन् ।

महापुराणको संरक्षक हेटौंडा ५ का वडाध्यक्ष सुशील घिमिरे तथा पुराण आयोजक समितिको संयोजक हृयग्रीव आचार्य रहेका छन् ।

पानीको स्रोत संरक्षण गर्न

- ☞ डढेलोबाट वन जोगाऔं,
- ☞ सिमसार क्षेत्रको संरक्षण गरौं ।
- ☞ घर/भवन निर्माण गर्दा खुल्ला क्षेत्रको पयाप्त व्यस्थापन गरौ, पानीको स्रोत रिचार्ज हुने वातावरण सिर्जना गरौं ।
- ☞ अनावश्यक रुपमा पानी खेला नफालौं ।
- ☞ पानीको पाइपहरु फुटेर पानी खेर गइरहेको देखेका त्यसको उचित बन्दोबस्त गरौं/सम्बन्धित निकायमा खबर गरौं ।

पानीको स्रोत संरक्षणको लागि हातेमालो गर्न स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, जलाधार संरक्षण समूह, संघसंस्था सबैप्रति हेटौंडा खानेपानी व्यस्थापन बोर्ड हार्दिक अनुरोध गर्दछ ।

अध्यक्ष प्रताप विष्ट

हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड

मौसमी फ्लु रोकथामका उपाय

- ☞ बिरामी भएका व्यक्तिसँग भौतिक दूरी कायम गरौं,
- ☞ खोक्दा हाच्छिउँ गर्दा मुख र नाक छोपौं,
- ☞ शारीरिक रुपमा सक्रिय बनौं र पौष्टिक खाना खाऔं,
- ☞ बिरामी हुँदा सम्भव भएसम्म घरमै बसौं,
- ☞ समयसमयमा साबुनपानीले हात धुआँ,
- ☞ स्यानिटाइजरको प्रयोग गरौं.
- ☞ आँखा, नाक, मुख छोईरहने बानी नगरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड